तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बैठकका एजेन्डाहरू

१, धन्यवाद ज्ञापन सम्बन्धमा,

२, निवर्तमान जनप्रतिनिधिहरूलाई विदाई तथा सम्मान कार्यक्रम सम्बन्धमा,

३, सुत्केरी महिला तथा दुर्घटनामा परी घाईते भएकालाई एम्बुलेन्स गाडीभाडा खर्च राहत सम्बन्धमा,

४, लिफ्टीङ खानेपानी विद्युत महशुल अनुदान राहत सम्बन्धमा ,

५, चालु आ.व.को योजना सम्पन्न गर्ने सम्बन्धमा,

६, आ.व. २०७९/०८० को लागी बस्ती स्तरबाट योजना संकलन सम्वन्धमा ,

७, विद्यालयमा कक्षा थप अनुमती सम्बन्धमा ।

८, विविध ।

## बैठकका निर्णयहरू :

१, स्थानीय तह सदस्य निर्वाचन २०७९।०१।३० मा सम्पन्न भएको र सो निर्वाचन स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग पुऱ्याउने तिनाउका राजनितिक दलहरू, निर्वाचन अधिकृत लगायत निर्वाचन कार्यालय तथा मतदानमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीहरू, हामीलाई अमुल्य विश्वासको मत दिई जनप्रतिनिधिको रूपमा चयन गर्ने मतदाताहरू सबैलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२, स्थानीय निर्वाचन २०७४ मा निर्वाचित भई ५ वर्षे कार्यकाल सफल एवं सक्रिय पुर्वक व्यतित गर्नु भएका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरू लगायत सम्पूर्ण जनप्रतिनिधिलाई मिति २०७९।०२।१७ गते दिउसो १ बजे सम्मान पत्र र मायाको चिनोकासाथ सम्मानित गर्ने सर्वसम्मत निर्णय गरियो ।

३, तिनाउ गाउँपालिका क्षेत्रभित्र स्थायी बसोवास रहेका महिलाहरू प्रसुतिका लागि पाल्पा र रूपन्देही जिल्लाका अस्पताल सम्म पुऱ्याउदा लागेको एम्बुलेन्स खर्च / मनासिब गाडी भाडा

प्रमुख प्रशासकीय अधिकृत

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बौथान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

(एकतर्फी) गाउँपालिकाबाट राहत स्वरूप उपलब्ध गराउने निर्णय गरियो । साथै दुर्घटना परी घाईते भएका विरामीलाई पाल्पा र रूपन्देहीका अस्पतालमा पुऱ्याउदा लाग्ने एम्बुलेन्स खर्च / मनासिब गाडी भाडा (एकतर्फी) कार्यविधि बनाएर २०७९ साल साउन १ देखि लागु हुने गरी राहत स्वरूप उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

४, तिनाउ गाउँपालिका भित्रका लिफटीङ खानेपानीको उपभोक्ता समितिलाई विद्युत महशुल बापत विद्युत प्राधिकरणलाई तिरेको विलको आधारमा २५ प्रतिशत अनुदान राहत स्वरूप २०७९ साल साउन १ देखि प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

५, तिनाउ गाउँपालिकाको चालु आ.वमा सम्पन्न हुन बाँकी योजनाहरूलाई यथाशिघ्र सम्पन्न गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

६, आगामी आर्थिक वर्ष २०७९/०८० को लागि सवै वडाका टोलबस्तिहरूमा मिति २०७९।०२।१८ गते देखि नै वडा समिति मार्फत योजना माग संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

७, तिनाउ गाउँपालिका वडा न. ३ स्थित सिर्जना आधारभुत विद्यालयमा कक्षा आठ सञ्चालन गर्न अनुमति माग भई आएकोमा चालु शैक्षिक सत्र बाटै कक्षा आठ सञ्चालन गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

८, तिनाउ गाउँपालिकामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न योजना तर्जुमा तथा सञ्चालन दिग्दर्शन बमोजिम देहाय बमोजिमको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल :

संयोजक - उपाध्यक्ष श्री लाल वहादुर थापा

सदस्य - प्र.प्र.अ. श्री सुन्दर प्रसाद श्रेष्ठ

सदस्य - का.पा सदस्य श्री पम्फा मगर

सदस्य - का.पा सदस्य श्री यादव प्रसाद अर्याल

सदस्य सचिव - श्री शिव आत्रेय , योजना शाखा

प्रमुख प्रशासकीय अधिकृत

९. (क) २०७९ साल जेठको पहिलो सातामा आएको हुरी बतासले ठूलो रूख ढली श्री आधारभुत विद्यालय, अर्खलेको छानामा क्षति पुऱ्याएको हुनाले सो रूखको व्यवस्थापन गर्न तत्काल आवश्यक भएको हुनाले लागेको खर्च विपद् व्यवस्थापन कोषबाट प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ख). तिनाउ गाउँपालिका वडा न. २ लामाचौपारी स्थित स्वामीको रूख हावाहुरी आउदा ढलेर क्षेती हुने प्रवल सम्भावना रहेकोले सो कटानको व्यवस्था गर्ने र लागेको खर्च विपद् व्यवस्थापन कोषबाट प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. तिनाउ गाउँपालिका वडा न. १ कचल निवासी यमाचन्द्री कामी २०७९।०१।३० गते मतदान गर्न आउदा बाटोमा लडेर देब्रे कुम भाचिएकाले निजको उपचारको लागि रू ५००० ( अक्षरूपी पाँच हजार मात्र) सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

११. तिनाउ गाउँपालिकाका देहायका स्थानहरूमा आवागमन बन्द हुने सम्भावना हुँदा तत्काल आवश्यक व्यवस्थापनको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्राविधिक समेतको टोलीले स्थलगत अनुगमन गरी लागत ईष्टिमेट तयार गरी पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल :

क. दोभान बजार आउने पक्की पुलमा खोल्सीको कारण भल तथा माटोले पुऱ्याएको समस्या

ख. दोभान नुवाकोट बाटो

ग. तिनाउ २ को बन्चरे पहाडको मो.बा.

घ. सिस्नेखोला हटिया मो.बा.

ङ. कचल मुर्थुम मो.बा.

प्रमुख प्रशासकीय अधिकृत